बडिमालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मार्तडी,बाजुरा

सुदुरपश्चिम प्रदेश,नेपाल

मिती : २०७८ पौष २१

प.स : २०७८/२०७९
चलानी नं : ७५१

**विषय : –कर्मचारी आवश्यकता सम्बन्धि सुचना ।**

**तेस्रो पटक प्रकाशित मिति : २०७८/०९/२१**

संयूक्त राष्टसंघिय जनसंख्या कोष (युएनएफपिए) र आईपास नेपालसँगको सम्झौतामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल लगायत अन्य संस्थाहरुको साझेदारी र बडीमालिका नगरपालिकासँगको सहकार्य**मा"लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना"** सञ्चालनका लागि परियोजनाका साझेदार संस्थाहरू र यस बडीमालिका नगरपालिका, बाजुरा बीच भएको सम्झौता बमोजिम यस बडीमालिका नगरपालिकाका १,२,६,७र८ वडाहरुमा उक्त कार्यक्रम सञ्चालन हुने भएको हुँदा(एकद्धार संकट व्यवस्थापन समितिमा रही काम गर्न )नगरपालिका अन्तरगत कार्य गर्ने गरी निम्न पदहरूमा करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकोले, योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सुचंना प्रकाशित भएको मितिले १५ दिन भित्र (उक्त दिन विदा परेमा सोको भोलीपल्ट )कार्यालय समय भित्र यस पालिकाको रा.बा. बैंकमा रहेको हिसाव नं.४०७०१००३०२०७०००२मा रु५००। अक्षरुपी(पाचंसय) मात्र को सक्कल भौचर, उपयुक्त कागजाज,व्यक्तिगत विवरण,(बायोडाटा) निवेदन सहित निम्न ठेगानामा बुझाउनुहुन दरखास्त आव्हान गरिएको छ ।

**पद: मामला ब्यवस्थापक: १ जना (महिला)**
**विज्ञापन नं :०३./२०७८/२०७९ .**

**प्रथम पटक प्रकाशित मिति : २०७८/०९/२१**

**न्युनतम योग्यता**

- शैक्षिक योग्यता: स्नातक तह उत्तिर्ण गरेको ।
- ६ महिने मनोसामाजिक विमर्शकर्ताको तालिम लिएको हुनुपर्ने छ ।
- २ वर्षसेवा गरेको अनुभव भएको ।
- कम्तीमा पनि २ वर्षको लैगिककतामा आधारीत हिसां प्रभावितका क्षेत्रमा कामगरेको अनुभव भएको ।
- उमेर : २० वर्ष पूरा भई ४० वर्ष ननाघेको

**अनुभव तथा वाञ्छनीय योग्यता::**

- प्रतिवेदन लेखन, तथ्याकं/जानकारी संकलन, संचार, संयोजनको आवश्यक सीप भएको ।
- आफुले मनोपरामर्श सेवा दिएका सेवाग्राहीहरुको केस फाईल, सेसन नोट लगायत अन्य सम्पूर्ण जानकारीहरु संकलन गरी ती विवरणहरु गोपनियताका साथ राख्ने सीप भएको ।
- स्थानीय सरकार, एकद्धार संकट ब्यवस्थापन केन्द्र, सुरक्षावास सञ्चालन गरेका संस्था तथा अन्य सहयोगी संघ/सस्थाहरुसँग कार्यगत सम्वन्ध राख्न सक्ने हुनुपर्ने ।
- स्थानीय र विवाहित महिला उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।

**कार्य जिम्मेवारी**

- लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरुलाई एकद्धार संकट व्यवस्थापन केन्द्र मार्फत स्वास्थ्य उपचार, कानुनी सहयोग, सुरक्षित आवास, मनोपरामर्श सेवा लगायत अन्य आवश्यकीय सेवा प्रदान गर्ने काममा सम्वन्धित निकायहरु सँग आवश्यक समन्वय गरी सहयोग गर्ने ।
- लैङ्गिक हिंसाको कारणले मनोसामाजिक समस्या भएका व्यक्ति तथा परिवारका सदस्यलाई एकद्धार संकट व्यवस्थापन केन्द्र तथा आवश्यकता अनुसार समुदायस्तर मानै गएर मनोपरामर्श सेवा उपलब्ध गराउने ।
- सी.एम.सी नेपालले सञ्चालन गर्ने तालिम तथा मनोसामाजिक विज्ञद्धारा जिल्लामा गरिने सुपरभिजन कार्यक्रममा अनिवार्य सहभागी भई मनोसामाजिक सहयोग तथा मनोपरामर्शको वारेमा ज्ञान,सीप सिकी लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुमा देखापर्न सक्ने मनोसामाजिक समस्याहरुमा प्रभावकारी मनोपरामर्श सेवा दिने ।
- लैङ्गिक हिंसावाट पीडितमा देखिएको मनोसामाजिक तथा मानसिक समस्या एकद्धार संकट व्यवस्थापन केन्द्रवाट मात्रै सम्भव नभएमा जिल्ला अस्पतालमा उपलब्ध हुने मानसिक रोग विशेषज्ञको सेवाको लागि पीडित तथा प्रभावित व्यक्तिहरुलाई सम्प्रेशन गर्ने ।
- पहिचान गरिएको केशको बिस्तृत मनोसामाजिक आयामहरु समेटी पूर्ण केश विश्लेषण तयार गर्ने
- विस्तृत केश फाईल वनाएर उक्त अभिलेख एकद्धार संकट व्यवस्थापन केन्द्रमा सुरक्षित ढँगले राख्ने ।
- यस्तो केन्द्रबाट उपलब्ध गराईएको सवै खालको सेवा र मनोपरामर्श सेवाको विवरण नियमित हिसावले सी.एम.सी. नेपाल र यू.एन.एफ.पी.ए. को अन्य साझेदार संस्थालाई आवश्यकता अनुसार उपलब्ध गराउने ।

**पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरू :**

- नेपाली नागरिकताको प्रतिलिपि एक थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि १ थान ।
- वाञ्छनीय योग्यता तथा अनुभवका प्रतिलिपि १ थान ।
- वायोडाटा (यक्तिगत विवरण )
- २ प्रति पासपोर्ट साईजको फोटो

**दरखास्त पेश गर्ने स्थान**

- बडीमालिका नगरकार्यपालिकाको प्रशासन शाखा तथा योजना अनुगमन शाखामा दर्ता गराउनु पर्ने छ ।
- पारिश्रमिक संस्थाको नियमानुसार हुनेछ ।
- परिक्षा वडीमालिका नगरपालिका करार कर्मचारी छनौट कार्यविधि र कार्यालयको निर्णय अनसार हुनेछ ।
- थप जानकारीका लागी वडीमालिका नगरपालिकाको वेवसाईडमा हेर्न सकीने छ ।

(रंगमल बि.क)
निं प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

बडिमालिका नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मार्तडी,बाजुरा
सुदुरपश्चिम प्रदेश,नेपाल

प.स :२०७८/२०७९

चलानी नं :— ६४२

मिती : २०७८ पौष २१

## कर्मचारी आवश्यकता सम्बन्धि सुचना

### तेस्रो पटक प्रकाशित मिति : २०७८/०९/२१

संयूक्त राष्टसंघिय जनसंख्या कोष (युएनएफपिए) र आईपास नेपालसँगको सम्झौतामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल लगायत अन्य संस्थाहरुको साझेदारी र बडीमालिका नगरपालिकासँगको सहकार्यमा**"लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना"**सञ्चालनका लागि परियोजनाका साझेदार संस्थाहरू र यस बडीमालिका नगरपालिका, बाजुरा बीच भएको सम्झौता बमोजिम यस वडीमालिका नगरपालिकाका १,२,६,७र८ वडाहरुमा उक्त कार्यक्रम सञ्चालन हुने भएको हुँदा नगरपालिका अन्तरगत कार्य गर्ने गरी निम्न पदहरूमा करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सुचंना प्रकाशित भएको मितिले १५ दिन भित्र उक्त दिन (विदा परेमा त्यसको भोली पल्ट )कार्यालय समय भित्र यस पालिकाको रा.वा.वैकमा रहेको हि.न ४०७०१००३०२०७०००२मा रु५००।अक्षरुपी(पाचंसय) मात्रको सक्कल भौचर उपयुक्त कागजाज व्यक्तिगत विवरण सहित निम्न ठेगानामा बुझाउन हुन दरखास्त आव्हान गरिएको छ।

### १. सामुदायिक मंनोसामाजिक संयोजक– १ जना (महिला)

विज्ञापन नं :०४ /२०७८/२०७९

**न्यूनतम योग्यता:**

- शैक्षिक योग्यता: स्नातक तह उत्तिर्ण गरेको ।
- मान्यता प्राप्त संस्थाबाट ६महिने मनोसामाजिक विमर्शकर्ताको तालिम लिएको हुनु पर्ने छ।
- लैगिंकतामा आधारीत हिसां प्रभावितका क्षेत्रमा १वर्ष काम गरेको अनुभव भएको हुनुपर्ने
- उमेर: २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**अनुभव तथा वाञ्छनीय योग्यता:**

- सामुदायिक मनोसामाजिक कार्यकर्ताहरुको सुपरिवेक्षण तथा समन्वयको कामको अनुभव भएको ।
- लैङ्गिक हिंसा र प्रतिकार्यको क्षेत्रमा काम गरेको अनुभव भएको ।
- प्रभावित व्यक्तिहरुको लागि मनोपरामर्श सेवामा काम गरेको अनुभव भएकोलाई विशेष ग्राहयता दिईनेछ ।
- मनोसामाजिक क्रियाकलापको प्रतिवेदन लेखन तथा घटना अभिलेखको अनुभव भएको ।
- मनोसामाजिक समस्या भएका केशहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको ।
- टिमसँग मिलेर काम गर्न सक्ने, विभिन्न वडामा कार्यरत मनोसामाजिक कार्यकर्ताहरुसँग संयोजन गर्नसक्ने ।
- अन्तरव्यक्ति सञ्चार तथा नेतृत्व सीप भएको ।
- पालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत अन्य सरोकारवाला संघसंस्थाहरु सँग समन्वय गरी काम गर्न सक्ने क्षमता भएको ।

- स्थानीय तथा राष्ट्रियस्तरमा लैङ्गिक हिंसा सम्वन्धि जानकार तथा यस्ता हिंसाबाट प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृयावारे राम्रो जानकारी भएको ।
- इमेल, इन्टरनेट, MS Word, MS Excel तथा Power Point मा जानकार तथा प्रयोग गर्ने सीप भएको ।
- महिला, दलित,जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत स्थानीयलाई विशेष ग्राह्यता दिइनेछ

**पेश गर्नुपर्ने आवश्यक प्रमाण पत्रहरु**

- नेपाली नागरीकताको प्रतिलिपी ।
- न्युनतम शैक्षिक योग्यताको प्रतिलिपी ।
- वाञ्छनीय योग्ता तथा अनुभवका प्रतिलीपिहरु ।
- (वायोडाटा )व्यक्तिगत विवरण ।
- २ प्रति पासपोर्ट साइजको फोटो ।

**दरखास्त पेश गर्ने स्थान**

- वडीमालिका नगरपालिकाको कार्यालयमा रहेको प्रशासन तथा योजना ,अनुगमन शाखामा कार्यालय समयमा दर्ता गराउनु पर्ने ।
- पारिश्रमिक संस्थाको नियमानुसार हुनेछ ।
- परिक्षा : वडीमालिका नगरपालिका करारमा प्रावीधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धि कार्यविधि २०७४अनसार हुनेछ । सो मा उल्लेख नभएका कुरा प्रचलित कानुन अनुसार हुनेछ ।
- थप जानकारीका लागी वडीमालिका नगरपालिकाको वेवसाईडमा हेर्न सकीने छ । :

२०७८/३/२२

(रंगमल बि.क )

प्रमुख प्रशाकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत